"कला, संस्कृतियुक्त, स्वच्छ, समुन्नत टोखा नगर"

# टोखा नगरपालिका

## टोखा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

पत्र संख्या :- ०८०/०८१

चलानी नं :- ५०८३

मैजुहिटी, काठमाडौं

बागमती प्रदेश, नेपाल

टोखा नगर कार्यपालिकाको कार्यालय मैजुहिटी, काठमाडौं बागमती प्रदेश, नेपाल २०७३

मितिः२०८१/०१/१८

श्री वडा कार्यलय सवै

टोखा नगरपालिका ।

विषयः निर्णय कार्यान्वयन सम्वन्धमा ।

प्रस्तुत विषयमा काठमाडौं उपत्याका विकास प्राधिकरण,जिल्ला आयुक्तको कार्यालय काठमाडौंको च.न.१२०४ मिति २०८०/०१/१७ गतेको पत्रानुसार टोखा नगरपालिका भित्र पर्ने विष्णुमती खोलामा नदी कीनाराबाट २० मिटर मापदण्ड सम्वन्धि व्यवस्था रहेको छ र उक्त मापदण्डको क्षेत्रमा विभिन्न संरचना घर टहरा निर्माण गरी व्यापारिक प्रयोजनमा प्रयोग भएको जानकारी प्राप्त भएकोले त्यस्ता मापदण्डमा पर्ने जग्गामा निर्माण गरिएका घर टहराहरु ७ दिन भित्र खाली गर्नु/गराउनु भनि पत्राचार भएको हुँदा आ-आफ्नो वडाभित्र उक्त निर्णयको कार्यान्वयका लागि सूचना जारी गर्नुहुन जानकारी गराइन्छ । साथै उक्त पत्रको छायाँप्रति यसै पत्र साथ संलग्न छ ।

शेर बहादुर बि.सी.

(प्रमुख प्रशासकीय अधिकृत )

नेपाल सरकार
शहरी विकास मन्त्रालय
काठमाडौं उपत्यका विकास प्राधिकरण

# जिल्ला आयुक्तको कार्यालय काठमाडौं

अनामनगर, काठमाडौं

पत्र संख्याः ०८०।८१
चलानी नं. १२०४

फोन नं.: ४७७१३३०
४७७१३३१
फ्याक्सः ४१११९१३

मिति :- ०८१/०१/१७

श्री टोखा नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
टोखा, काठमाडौं ।

टोखा नगरपालिका
कार्यालय
दर्ता नं. ११०६८
मिति २०८१।१।१८

बिषय :- अतिक्रमण गरी निर्माण भएका संरचना सम्वन्धमा ।

उपत्यकाका नगरहरुको पुनर्निर्माण, विकास र विस्तार मार्फत काठमाडौं उपत्यकालाई व्यवस्थित गर्ने उद्देश्यका साथ उपत्यकाको योजनावद्ध भौतिक विकासका लागि आधारभूत मापदण्ड तय गर्न काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ को दफा ३ बमोजिम काठमाडौं उपत्यका विकास प्राधिकरणको स्थापना भएको र उक्त मापदण्डको कार्यान्वयन सम्वन्धमा नियमित, नियन्त्रण र निषेध गर्ने अधिकार काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ को दफा ८ बमोजिम यस प्राधिकरणमा रहेको साथै काठमाडौं उपत्यका भित्रका नगरपालिका र नगरोन्मुख गा.वि.स. हरुमा गरिने निर्माण सम्वन्धी मापदण्ड, २०६४ को परिच्छेद–२ को प्रकरण नं. ११ ( पाना नं. ३७) विष्णुमती खोलामा नदी किनाराबाट २० मिटर मापदण्ड सम्वन्धी व्यवस्था रहेको छ । उक्त मापदण्डको क्षेत्रमा विभिन्न संरचना घर टहरा निर्माण गरी व्यपारिक प्रयोजनमा प्रयोग गरेको जानकारी प्राप्त भईरहेकोले त्यस्ता मापदण्डमा पर्ने जग्गामा निर्माण गरिएका घर टहराहरु ७ दिन भित्र खाली गर्नु/गराउनु हुनका लागि यो पत्राचार गरिएको छ । उक्त क्षेत्रको सार्वजनिक जग्गामा समेत निर्माण भएका संरचनाहरु खालि गराउनुहुन र त्यस्ता संरचनाहरु नहटाएमा उक्त अतिक्रमण गरी निर्माण गरिएका संरचना हटाउंदा वा भत्काउंदा लागेको लागत सम्वन्धित व्यक्ति वा संस्थाबाट सरकारी बाँकी सरह असुल उपर गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

बोधार्थ :
श्रीमान् विकास आयुक्तज्यू
काठमाडौं उपत्यका विकास प्राधिकरण ।

(आ. प्रकाश अर्याल )
जिल्ला आयुक्त

श्री प्रशासन शाखा + सूचना प्रविधि शाखा + सार्वजनिक जग्गा संरक्षण समिति
website मा सूचना राखी व्यवस्था मिलाउनुहोला
सबै वडा कार्यालयलाई पत्राचार गरी
कार्यान्वयनको व्यवस्था मिलाउन
२०८१।१।१८